श्रीधर्म चरित्र

भीम प्रसाद

॥ श्री: ॥

धर्म चरित्र

लेखक र प्रकाशक—

भीमप्रसाद तिंसिना

तुलसी बाड़ी, झापा, नेपाल

(संवत् २०१६ साल)

प्रथमवार १०००

प्रकाशक—
भीमप्रसाद तिमिना
तुल्सी बाड़ी, झापा, नेपाल ।

(सर्वाधिकार सुरक्षित)

मुद्रक—
बाबू ठाकुरप्रसाद गुप्त,
बम्बई प्रेस,
राजादरवाजा बनारस सिटी ।

मेरो श्रद्धाञ्जलि—

आज मेरा मातामह का २२ सौं वर्ष को श्राद्ध का उपलक्षमा, प्रेम भाव ले रोमाञ्चित हुँदै वाहा को पुण्य स्मरण गर्दै । सानु पुस्तावलो का साथ जीवन चरित्र समर्पण गर्न पाउदा, अपार हर्ष लागो रहे छः ।

यो सबै वाहाँ कै आशीर्वाद हो ।

हुनत व्यक्ति गत जीवन चरित्र पढ़ेर कुनै ज्ञान पाईंदैन भन्छन् । परन्तु मेरा विचारमा वाहाको त्याग उदारता भविष्य सन्ततिको शिक्षा प्रचार का निम्ति दुःख सहन जस्को १ चपरि माटो छैन । कैसेका नोकरी छैन । आफुले अनेकौ दुःख सहन गर्दै पनी हामो लायी पालन का साथ शिक्षा गरि सकस्यो तेस्ता महापुरुष हरू मानौं सोन्दर्य प्रतिमा युक्त आदर्शता झल्किन्छ जस्तो लाग्छ । वाहाँ को पितृ भक्ति का साथ तीर्थ यात्रा र हामी लायी उपदेश दियेका वाक्य लायी हामी ले मनन गर्न सक्ता वहाँका आशीर्वादको फल स्वरूप हाम्रो भविष्य सुध्रिने छ भन्ने आशा राख्दछु ।

यस्मा आत्म बान्धव दाजु पं० केदारनाथ ढकाल ज्युका वंशको उल्लेख गर्न म लायी श्रद्धा थियो, वाहा ले उदार भाव लियेर गंभीर प्रेमका साथ पालन गर्दै २ वर्ष सम्म शिक्षा दिनु भयेको थियो। परन्तु न पाये काले दुःख लागेको छ। म वहाँ लायी कटि यौं धन्यवाद दिदै, वहाको भविष्य जीवन उज्यालो होस् भन्ने कामना गर्छु ।

अन्त्यमा मेरी मातुल दुहिता दीदी पूर्ण कला देवी ले वंशावली खोज्न कोशिश गरि दिनु भयेको र मामा प्रेमलाल ज्यु ले खोजी उल्लेख गरि दिनु भयेको मा म वाहाँ हरू दुवै जनालाई हार्दिक धन्यवाद दिदै यो चरित्र श्री पूज्य-गुरु मातामह का चरणातल मा समर्पण गर्छु ।

मिति २०१६ साल
माघी अमावस्या

विनयी शिष्य
भीमप्रसाद तिमिना
तुल्सी बाड़ी, झापा नेपाल ।

श्री मंगलमूर्ति विजयते

धर्म चरित्र

श्री धर्मानन्द नामा जो माता मह गुरूकन ।
नमस्कार गरी गर्छु गुरु चारित्र कीर्तन ॥१॥

ब्रह्म पुत्र अत्रि ऋषि तिन्का वंशज हेरुमा ।
नेपाल मा ख्याति प्राप्त हुनु भो उप गौतम ॥२॥

वहा का वंश धेरै छन् ग्रंथ वंदछ विस्तृत ।
थोरै वंशावली लेख्छु गुरु को वंदनाश्रय ॥३॥

गोता मे घर का प्राप्त सुविद्वान् पुरुषोत्तम ।
वहा का पुत्र हुनू भो राम कृष्ण नरोत्तम ॥४॥

दिङ्ला महा वृत्ति पाई बसेर नर सत्तम ।
गृहस्था श्रम मा प्राप्त भये छं छ सुतोत्तम ॥५॥

श्री रामचन्द्र[१] र दामोदर[२] पद्म[३] शर्मा
पूरु[४] जयद्रथ[५] र अन्तिम वील[६] शर्मा ।
जेठा तृतीय अनि पञ्चम भै निसन्तान्
दोस्रा चतुर्थ अनि अन्तिम का सुसन्तान् ॥६॥

दामोदर्का वंशमा धेर पुस्ता
जन्मे नामी इन्द्र वेलास जस्ता ।
उन्का छोरा भीम लाल् आदि जन्मे
दामोदर्का वंश को कीर्ति राखे ॥७॥

विल्का विद्वान् नाति भै जाय† भद्
निज्के विद्वान् राम कृष्णः प्रपौत्र ।
यिन्के नाती हुन् दुई प्रेम[1] देवी[2]
जो मामा प्रें दीनु भो वंश लेखी ॥८॥

मामा प्रें का पुत्र हुन् नन्दि केश्वर्
वंश स्थापी नाति खै दीव्य केश्वर् ।
मामा देवी का पत्नी पुत्र तीन
हुँदै राखे वील को वंश नाम ॥९॥

पूरुन् चौथा पूरु राजर्षि जस्तै
उही कुलमा पूरु ब्रह्मर्षि बन्दै ।
जन्मी विश्वामित्र कुल्का सुपुत्र
वोहाँ का भै शीव नीधी सुपुत्र॥१०॥

† जयभद्र का छोरा ।

क्रम् ले मुक्ती श्रीविलास् चूड नाम
नन्दी केश्वर् पाँच् रवी लाल नाम ।
तेस्रा तिन्मा हुनु भाको अपुत्र
दौस्रा कुल्मा छन् वहूतै सुपुत्र ॥११॥

काँहीला को कूल लीलार गङ्गा
कान्छा को कुल् भन्द छन् सात भैया ।
तिन्मा काही ला रमानाथ माझ
जन्मी दूई भीम बुद्धीन्द्र ताहा ॥१२॥

विद्वान् विच्मा अग्रणी भीम शर्मा
कुल्का दीपक् हूनु भो श्रेष्ठ मामा ।
गोता मे को वंश टूखो हुँदा यो
कान्छा कुल्को स्थान यत्ती हुदो भो ॥१३॥

ऊही चौथा पूरु का विश्व मित्र—
कुल्का जेठा नाति जो मुक्तिनाथ ।
वामाङ्गी श्री अन्नपूर्णा भनेकी
साक्षादेवी अम्बिका भैं भयेकी ॥१४॥

पातिव्रत्य प्रेमको त्यो प्रभाव
पुर्खा को फेर्धर्मको सत्य भाव ।
गर्भा धारण देखि संस्कार्भयेर
खेचर् उच्चा काल उत्तं वनेर ॥१५॥

वीसौं उद्दी शताब्दी को आरम्भ नव संज्ञक १९०६
सोही सुमार्ग मैना मा जन्म भो गुरु को शुभ १६

नाम करण—

श्री आवाल ब्रह्मचारी जस्को किर्ति छ दिक्भरी ।
षडानना धिकारी श्रीशंकराचर्य का सरी ॥१७॥

यस्ता श्री गुरु को आज्ञा पाई श्री मुक्ति नाथले ।
भावी अर्थ विचार्गर्दै राख्नु भो नाम प्रेमको ॥१८॥

धर्म को मर्म राख्ने छन् आनन्दित सरी भयी ।
अहो सुपुत्र भो कुलमा धन्य हो धर्म कै सरी ॥१९॥

धर्मानन्द भयो बाबु ! हुने छौ नाम का सरी ।
लेखी पिपल का पात्मा भन्नु भो कान मा गयी॥२०

वृद्धि—

देवी माया वल वती प्रेम वन्धन मा सब ।
शुक्लचंद्र सरी वढ्नू भयो श्रीसुकुलोद्भव ॥२१॥

वैदिक संस्कार—

द्वि जाति का सबै संस्कार् गर्दै नै विधिपूर्वक ।
गरेर उपनयन वेद को लिनु भो व्रत ॥२२॥

पढेर वेद का मन्त्र समावर्तन भो अब ।
पायेर गुरुको शिक्षा शौच स्नानादिका सब॥२३॥

विद्याध्ययन—

विद्याभ्यास गरी वेद पारङ्गत सरी वनी ।
पायेर गुरुको आज्ञा पाल्नु भो घर मा अनि॥२४॥

गृह स्थाश्रम—

गृह स्थाश्रम पक्डेर याज्ञ वल्क्य सरी भयी ।
दूयी पत्नीसाथ मालीवन्नु भो भोगिका सरी॥२५॥

जेठी पत्नी पुण्य रूपा भने की ।
कान्छी फेरी रन्धता नां भये की ॥
मेरी माता मातृ नै रन्धता मा ।
छोराको ता मृत्यु भो बाल्य भाव्मा ॥२६॥

मेरी आमा को स्वभाव—

मेरी आमा हुनुभो धन्य माया ।
सेवानिम्ती भर्तृ देऊकी सुछाया ॥
ज्ञान्की खानी मानु सीता र अम्बा ।
शिक्षा दीने मानि ल्युँ शुद्ध गङ्गा ॥२७॥

पुत्रोत्पादन—

अर्की पत्नी मा भयी पुत्र चार ।
1 2 3 4
टीका डिल्ली जीवनाथ् मोति लाल ॥
मामा डिल्ली मृत्यु भै बाल्य भाव्मा।
तिन् भायीका वंशछन् येस कालमा ॥२८॥

तीर्थ यात्रा—

अर्धावस्था बितायेर जेष्ठा पत्नी दि पुत्रमा ।
पितृ मातृ लिथी वृद्ध जानु भो तीर्थ यात्रा॥२९॥

काशी प्रयाग मथुरा र गया गरेर ।
अर्धा गिनी इतर काञ्छि सँगै लियेर ॥
गङ्गोत्तरी र यमुनोत्तरि बद्रि नाथ ।
धारा नुहाइ बसुका गरी पितृ श्राद्ध ॥३०॥

गङ्गाजिका तट निबन्ध सबै घुमेर ।
मैत्रेय औ हरि हरादिक क्षेत्र फेर ॥
गंङ्गोत्तरी जल लियी कन सेतु बन्ध ।
पूजन् गरेर शिव का स्मरि रामचंद्र ॥३१॥

गङ्गार सागरव सङ्गम कापिला श्रम् ।
दर्शन् गरी पुगनु भो पुरि कृष्णका धाम ॥
फे द्वारका नगर आदिक पुण्य धाम ।
एवं घुमेर सब भारत तीर्थ नाम ॥३२॥

कुरु क्षेत्र महा जानु भयो सूर्योपरागमा ।
स्यमन्तपञ्चक स्नान गनु भोपुण्यकालमा ॥३३॥

यत्र क्वचन तीर्थादि घुम्दा भारत वर्ष मा ।
तीर्थ स्मारकपुर्खाकोगनु भोअतिसम्मना ॥३४॥

काशी वास—

पुराणादि हरू सुन्दै पुर्खा का प्रति प्रेम ली ।
अहो धन्य अहो धन्यभन्दै श्रद्धाञ्जली दियी ॥३५॥

भिक्षुको रूप लीयेर विशुद्ध ब्रह्म चिन्तन ।
पितृ मातृ प्रति श्रद्धा गर्दै अति चिरन्तन ॥३६॥

श्री विश्वनाथ की धाम काशी वाराणसी महाँ ।
उत्तरा वाहिनी गङ्गा चक्र पुष्करिणी जहा ॥३७॥

जहा गयी प्राण त्यागदा नीचमा पनि नीच जो ।
अश्व चाण्डालश्वा जाति ब्रह्म सायुज्य जान्छत्यो ३८

श्री विश्वनाथ का प्रेले त्यहीं वास गरी कन ।
स[१] मातृ पितृ पत्नीक गर्नु भो ब्रह्म चिन्तन ॥३९॥

काल भैरव् जिका पश्चि उही मन्दीर कोण मा ।
धर्मेश्वर भनी नाम राखेर शिवको त्यहाँ ॥४०॥

---

१ आमा बाबुर पत्नि समेत् ।

स्थापन् गर्नु भयो शङ्कर् कामना पूर्ण होस् भनी।
आफ्नाजो भावि सन्तान चिरस्थायी बनुन् भनी४१

पितृ मातृ मुक्ति—

अवि मुक्त पुरी भित्र सम्झी श्रीशुक सम्मति।
स्वर्गा रोहण् हुनु भयो प्रमाता मह दम्पती॥४२॥

शिक्षा रम्भ—

माता मह सपत्नीक तपो निष्ठ भयी अति।
बाबू! शिक्षित गरायेकुल् भन्ने त्यो पितृ सम्मति४३

कुलमा शिक्षा दिने सत्य गरी सङ्कल्पमानस।
स्वपुत्र*पौत्र दौहित्र भागिने यादिका सुत॥४४॥

वृद्धः† कुल पतिः शौनक् जस्तो वन्दैस वै जन।
पालन् गरेर शिक्षा दि गर्नुं भोती सबैकन॥४५॥

---

१ श्रीमद्भागवत ज्ञान * छोरानातिर छोरी का छोरा भानीज का छोरा।
† धैरै पालन सक्ने समर्थ वान्।

सो ही मा महुँ दौहित्र शिक्षाले शिष्य नै सुत ।
सवै भन्दा कमी शिक्षा पायें मैले गुरू सित ॥४६॥

मेरा पुर्खा—

मुद्गल् महर्षि का धेरै पुस्ता मा नय पालमा ।
तिंसिनाथर वितीत्योकपिलासनिवासिमा ॥४७॥

मेरा पुर्खा हूनु भयो राम चंद्र सुसम्मत ।
वहाँ का पुत्र श्रीवेणु वहाँका दूई भै सुत ॥४८॥

शिव-देवी चरण् मध्ये शिवका तिन् सपुत्सुत ।
केदार[1] लक्ष्मी[2] देवी[3] तिन् केदार्का चार हौं सुत ॥४९॥

तेस्रो म हूँ भीम नाम भाई को अम्बिका भयो ।
दाजू हरू राम[1] पुष्प[2] स्वर्गारोहण् हुनू भयो ॥५०॥

श्री पितामह कान्छा जो देविका वंशमा पनि ।
भाई छन् भुक्ति नाथ्नाम वंश धारक फेर्अनी ५१

काका लक्ष्मीजी का छोरा पाँच मध्ये दुई छन ।
होम टीका नाम लीयी वंश रक्षण गर्छन ॥५२॥

काका देविजि का छोरा दुइ दाजू हरू भई ।
वंश रक्षा गनु हुन्छ इन्द्रलाल् दधिनाम ली ५३

मर्चाँहीं बाल भावै मा गुरु का घरमाँ गयें ।
पाई द्विजाति संस्कार केहि विद्याध्यन् गरें ॥५४॥

मेरो संस्कार भो थोरै गनु नै देवले गरे ।
उन्नयीस सहे पञ्चान्नव्वे त्यो शाल नै हरे ॥५५॥

शिव ! हाय ! सदा शिव शम्भु प्रभो !
प्रभु ! जीवन नै हरि लीनु भयो ।
अब पालिनु नै शिव ! कष्ट पर्यो
पढनू त कतातिर गोनि ! प्रभो ! ॥५६॥

उपदेश—

उपकार गरे उपकार गरे
यहि मात्र छ जीवन सार भरे ।
उपदेश सबै प्रति येहि दिदै
हरि नाम जपे र समाधि लिदै ॥५७॥

स्वर्गीय दिवस—स्थान—

अवि मुक्त पुरी भित्र दुर्गाघाट् पुण्य भूमिमा ।
माघी अमा तिथि महा उत्तरायण सूर्यमा ॥५८॥

श्री विश्वनाथ शिव को राम तारक मन्त्रयो ।
सचेत नै भयी जसै स्वर्गारोहण हुनू भयो ॥५६॥

तेस पछी—

हुनु हुन्थ्यो आत्म बन्धू दाजू केदारनाथ जी ।
ढकाल थर मा प्राप्त गुणी आचारवान् दयी ॥६०॥

आदर्श गुरु को शिक्षा हृदा मा प्रेम भावले ।
पाल्नु भो कति काल् सम्मन् वहाँले सुस्वभावले ६१

गुरु को त्यो महान् आत्मा आदर्श सरिको भयी ।
म चाहन्छू सदा हाम्रा आत्मा मा उपदेश् गरी ६२

सवले देखिने त्यो पद ध्रुवका स्थान मा पुगोस् ।
अटल् सिद्धान्त का वक्ता ध्रुव भैं नै सदा हवोस् ६३

दिव्य त्यो गुरु को स्थान अमर्को पनि पूज्य होस् ।
पृथ्वीमा चन्द्रका ज्योति सरी कीर्ति प्रभा रहोस् ६४

मिति० २०१६ साल
माघी अमावस्या

भीमप्रसाद तिंसिना
तुलसी झापा वाड़ी

मुद्रक—

बाबू ठाकुरप्रसाद गुप्त,

बम्बई प्रेस, राजादरवाजा बनारस सिटी।

मुद्रक—
बाबू ठाकुरप्रसाद गुप्त,
बम्बई प्रेस, राजादरवाजा बनारस सिटी।